श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या : ०८२।८३
प्राप्त पत्र संख्या र मिति :
च.नं. २२६५

मिति : २०८३।०१।१७
ने.सं. ११४६ बछलाथ्व: १४, बिहिबार

विषय : परिपत्र।

श्री उच्च अदालतहरू सबै।
श्री इजलास सबै।
श्री अस्थायी इजलास सबै।
श्री प्रशासकीय अदालत।
श्री न्यायाधिकरणहरू सबै।
श्री विशेष अदालत।
श्री श्रम अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।
श्री उपभोक्ता अदालत
श्री बाल अदालत।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारका कार्यसूचीहरु मध्ये बुँदा नं. १३ मा उल्लेख भएको **"विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिहरुको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिताको अक्षरशः कार्यान्वयन गर्ने तथा कर्मचारीहरुले व्यवसायिक मर्यादा कायम राख्दै निष्पक्ष, तटस्थ र सरकारका निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा समर्पित भई काम गर्ने वातावरण सुनिश्चित गर्ने"** लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, निजामती सेवाका कर्मचारीहरुको आचरण सम्बन्धी नियमावली, २०६५ समेतको पूर्ण रुपमा पालना गर्ने/गराउने भनी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४० मिति २०८३।०१।०८ गतेको पत्रबाट लेखी आएको सन्दर्भमा उक्त परिपत्रका अतिरिक्त अदालतमा कार्यरत कर्मचारीको आचारसंहिता, २०७५ को अक्षरशः कार्यान्वयन गर्नु गराउनु हुन मिति २०८३।०१।१४ गतेको आदेशानुसार अनुरोध गर्दछु।

०८३।१।१७
ठगिन्द्र कट्टेल
सहरजिस्ट्रार

बोधार्थ:

श्री अनुगमन तथा निरीक्षण महाशाखा: यस अदालत र मातहत अदालत तथा अन्य विशिष्टिकृत अदालतहरुमा आचारसंहिताहरु पालना भए नभएको विषयमा निरन्तर अनुगमन गर्नुहुन।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- २४०

मिति :- वि.सं. २०८३/०१/०८

विषयः कर्मचारी आचारसंहिता कार्यान्वयन सम्बन्धमा ।

प्रिय सहकारीज्यू

मन्त्रालय/आयोग/सचिवालय (सबै)

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारका एकसय कार्यसूचीहरु सम्बन्धमा यहाँलाई अवगत नै छ ।

एक सय कार्यसूची मध्ये यस मन्त्रालयसँग समेत सम्बन्धित बुँदा नं.१३ "विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिहरुको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिताको अक्षरशः कार्यान्वयन गर्ने। साथै, कर्मचारीहरूले व्यवसायिक मर्यादा कायम राख्दै निष्पक्ष, तटस्थ र सरकारका निर्णयहरूको प्रभावकारी कार्यान्वयनमा समर्पित भई काम गर्ने वातावरण सुनिश्चित गर्ने।" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली,२०६५ र अन्य प्रचलित कानून बमोजिम स्वीकृत भएका आचारसंहिताहरु भएमा सो समेतको पूर्ण रुपमा पालना गर्ने/गराउने र नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु हुन सादर अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति:
Chandrakala Paudel
ckpaudel31@gmail.com

(चन्द्रकला पौडेल)

सचिव

बोधार्थ:

श्री राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं